नेपाल सरकार
Government of Nepal
# कृषि विकास मन्त्रालय
# Ministry of Agricultural Development
सिंहदरबार, काठमाण्डौ, नेपाल
SInghadurbar, Kathmandu, Nepal

# एकिकृत बाली पात्रो - आँप खेती (Integrated Crop Calendar–Mango)

<table>
<tr><td>महिना</td><td colspan="4">बैशाख</td><td colspan="4">जेष्ठ</td><td colspan="4">अषाढ</td><td colspan="4">श्रावण</td><td colspan="4">भाद्र</td><td colspan="4">असोज</td><td colspan="4">कर्तिक</td><td colspan="4">मंगसिर</td><td colspan="4">पौष</td><td colspan="4">माघ</td><td colspan="4">फाल्गुन</td><td colspan="4">चैत्र</td></tr>
<tr><td>हप्ता</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>१</td><td>२</td><td>३</td><td>४</td></tr>
<tr><td>मौसम</td><td colspan="4"></td><td colspan="4"></td><td colspan="4"></td><td colspan="4"></td><td colspan="4"></td><td colspan="4"></td><td colspan="4"></td><td colspan="4"></td><td colspan="4"></td><td colspan="4"></td><td colspan="4"></td><td colspan="4"></td></tr>
</table>


पाकेको आँप


आँप बिरुवाको नर्सरी


आँपको बगैंचा


आँपको फल लागेको

## हावापानी :
आँप उष्ण प्रदेशिय (Tropical Fruit) फल भए तापनि समतीषोण (Sub Tropical) आवहवामा समेत खेती गरेको पाइन्छ । नेपालमा ५०० मिटर भन्दा माथि आँपको व्यवसायिक रुपमा राम्रो उत्पादन लिन सकिदैंन ।



## जातहरु :
१. बम्बेग्रीन  २. माल्द
३. दशहर  ४. चौसा
५. अल्फान्सो  ६. जर्दालु
७. नीलम  ८.फजली
९. भदौरे आँप  १०. सुपारे आँप
११. अब्बे हायद  १२. आम्रपाली (दशहरी×नीलम)
१३. मालिका (नीलम×दशहरी)

## माटो :
आँप प्राय: बलौटे देखि लिएर चिम्टाइलो माटोमा राम्रेसँग हुन सक्दछ। माटोको पि.एच.५.५ देखि ७.५ हुनु जरुरी छ। भूमिगत पानीको सतह जुनसुकै अवस्थामा पनि १८० से.मि . भन्दा तल हुनु आवश्यक छ।



## प्रजनन :
१. बीउको वेर्ना उत्पादन
२. वनस्पतिक प्रजनन:
- O इनार्चिङ्ग
- O भिनियर ग्राफटिङ्ग र साईड ग्राफिटङ्ग
- O इपिकोटायल ग्राफटिङ्ग
- O लेयररिङ्ग
- O कटिङ्ग

## विरुवा लगाउने तरिका :
आँपलाई वर्गाकार र षटकोण पद्धतिवाट लगाइन्छ । आँपका अग्लो जात १०-१२ × १०-१२ मिटर, होचो जात ५-६×५-६ मिटर र आम्रपाली जस्तो बुटा हुने जातलाई २.५×२.५ मिटरको दुरीमा लगाउन सकिन्छ। विरुवा लगाउनु भन्दा करिब ५-६ महिना पहिला ९०×९०×९० घन सेन्टिमिटरको खाडल खन्नु पर्दछ। माथिको र तलको माटोलाई अलग गरेर राख्नु पर्दछ। माटोलाई २-४ हप्ता सम्म घाममै सुक्न दिनु पर्दछ। आँपको विरुवा मनसुन सुरु भएपछि (जेष्ठ-श्रावण) रोप्नु पर्दछ। ग्राफटिङ्ग गरेको जोर्नी जमिनको सतह माथि रहने गरेर विरुवा लगाउनु पर्दछ। विरुवा लगाउँदा सकभर वादल लागेको दिन वा बेलुका पख लगाएर पानी दिनुपर्दछ।



## सिंचाई :
गर्मी महिनामा७-१० दिनको फरकमा सिंचाई गर्नुपर्दछ। आँप फुल्नु भन्दा २/३ महिना अगाडी देखि सिंचाई दिन बन्द गर्नु पर्दछ। फूल लागी सकेपछि ७-८ दिनको फरकमा सिंचाई गर्नु पर्दछ।



## मलखाद :
आँपलाई चैत-बैशाख र असार -साउनमा मल दिनु पर्दछ । मल हालिसकेपछि सिंचाई गर्नुपर्दछ । फल दिन शुरु नगरेको र बृद्धि भईरहेको बोटमा माघ, फाल्गुनमा पालुवा आउनु भन्दा अघि मल दिएमा विरुवाको राम्रो बृद्धि हुन्छ । मल दिंदा फस्फोरस र पोटासलाई एकै पटकमा र नाइट्रोजनलाई दुई वा तीन पटक गरेर दिनु सकिन्छ। एक वर्षको वोटलाई १० किलो कम्पोष्ट/गोठको मल, २.५ किलो हाडको मल र १ के.जी. पोटासियम सल्फेट, त्यसपछि १० वर्ष सम्म प्रतिवर्ष ५ के.जी. कम्पोष्ट, ०.५ के.जी. हाडको मल र ०.४ के.जी. पोटासियम सल्फेटका दरले बढाउँदै जानु राम्रो हुन्छ। तर बोटले पुरा उत्पादन दिन थालेपछि फल लाग्ने वर्षमा १.२ के.जी.नाइट्रोजन ०.२ के.जी. पोटास दिनु आवश्यक हुन्छ। फल नलाग्ने वर्षमा नाइट्रोजनको मात्रा आधा अर्थात ०.६ के.जी. मात्र दिए पुग्दछ। पोटास दिंदा पोटासियम सल्फेट तथा खरानी मार्फत दिनु वेश हुन्छ।



## अन्तरबाली :
आँप बगैंचामा अन्तरवालीको रुपमा प्याज, टमाटर, काउली, बन्दा, मुला अदुवा, खुर्सानी, हलेदो, चना, केराउ, मसुरो, मुग, मेवा, भुँइकटहरलाई लगाउन सकिन्छ

## फूल तथा फलको विकास :
आँपको परागसेचन परसेचन क्रियावाट हुन्छ । परसेचन क्रिया माहुरी तथा अन्य किराहरु र हावाको माध्यमबाट हुन्छ। आँप फुलदेखि फल पाक्ने समय प्राय: ३ देखि ५ महिना लाग्दछु । १०-५० पीपीएमको नेप्थालिन एसिटिक एसिड वा १०-२० पीपीएम २-४ डी आँप झर्नु अघि छरेर फललाई झर्नवाट बचाउन सकिन्छ।





## फल टिप्ने र उत्पादन :
नेपालको वतावरणमा आँप फूलेको सालाखाला १२० दिनमा पाक्दछ । नजिकको बजारमा लैजान वा घरमा खान आँपलाई ढिलो टिप्न सकिन्छ। टाढाको बजार लैजान र भण्डारण गर्नका निम्ति बोटमा पाक्न शुरु हुनुभन्दा १०-१५ दिन अगाडि नै फल टिप्नु पर्दछ। फल मध्ये विहान र वेलुकापख टिप्नु पर्छ ।

## प्याकेजिङ्ग र ढुवानी :
फल टिपिसकेपछि फललाई छायादार ठाउँमा जम्मा गर्नुपर्दछ । प्याकेजिङ्ग गर्नु अघि फललाई सफा गरी विभिन्न समूहमा छुट्टाउनु पर्दछ। आँपमा चोप लागेको भए त्यसलाई धोएर सफा गर्नुपर्दछ । प्याक गरिने भाडामा प्वालहरु हुनु अनिवार्य छ।



## भण्डारण र फल पकाउने :
प्लाष्टिकको थैलोमा ३-८ वटा प्वाल पन्चिङ्ग गरेर र ३-४ वटा काँचा आँपलाई एउटा प्लाष्टिकको थैलोमा राखेमा त्यसलाई काँचै धेरै दिन राख्न सकिन्छ। आँपलाई कोल्ड स्टोरमा ६-७ हप्तासम्म राख्न सकिन्छ। साधारणतया २५-३० तापक्रममा पाकेको आपँमा वासना, स्वाद र रङ्गको राम्रो विकास हुन्छ।

## कीराहरु :



१. मेङ्गो होपर : किरालाई मालाथियन ( ०.१५%), निम्बीसियन (२%), इमिडाकलोपिड (०.००५%), मेटासिष्टक ( ०.०२५%), बिषादी फुलफुल्नुभन्दा पहिले प्रयोग गरि नियन्त्रण गर्न सकिन्छ। आँपको फुलफुलेको समयमा विषादी छर्नु हुँदैन ।

२. मेङ्गो मिली वग : गर्मी महिनामा वोटको वरिपरि खनेर कीराको फूलहरु नष्ट गर्नु पर्दछ। पुष/माघ तिर वोटमा टाँसिने चिप्लो पदार्थ (ग्रिज र कोल्टार, १:२ भाग) रोजिन र काष्टरको तेल (४:५ भाग) अथवा कुनै चिप्लिने पदार्थ (४०० गेजको) अल्काथेन काण्डको वरिपरि ३०-४० से.मि. चौडा गरी लगाएर त्यसको तल जमीनतिरको भागमा क्लोरपाइरिफस विषादीको धूला (१.५%) २५० ग्राम प्रति लिटर पानीमा मिसाएर माटोले फेदमा लिपिदिएमा कीराको प्रकोपवाट बचाउन सकिन्छ।



३. झिंगा : सोडियम फ्लुरो सिलिकेट १ भाग, खुदो ६ भाग र पानी १०० भाग मिसाएर ठूलो मुख भएको प्लाष्टिक वा टिनको वट्टामा राखि वगैंचामा झुन्डाएर राखेमा यो किराहरु नियन्त्रण गर्न सकिन्छ।




४. रेड बेन्डेड क्याटर पिलर : नियमित रुपमा बगैंचाको सरसफाई गर्ने । कुहिएको फलहरु संकलन गरी खाडलमा सम्पर्क विषादी ( मालथियन) हाली नष्ट गर्ने। निममा आधारित विषादी (मल्टिनीम, निकोनीम, बायोमल्टिनीम, निमारिन आद) ५ मि.ली. प्रति लिटर पानीमा मिसाएर हप्ताको एक पटक छर्ने।

## रोगहरु :



१. पाउडरी लिल्डयू : सल्फर (०.२%), काराथेन (०.१%), वेमिष्टन (०.१%) अथवा वेनलेट (०.१ प्रतिशत) फुल फुल्नु अघि र फूल फूल्ने समयमा ७-८ दिनको फरकमा छर्नु पर्छ।

२. एन्थ्रकनोज : वर्षको तीन पटक माघ, बैशाख र भदौमा बगैंचामा वोडा्याकस मिक्सचर (३:३:४०) ब्लाईटोक्स ०.१% अथवा वेन्लेट ०.१% ले उपचार गर्नु पर्छ।

३. सुटिमोल्ड : यो रोग नियन्त्रण गर्न मेङ्गोहोपरलाई नै नियन्त्रण गर्नु पर्छ।

४. ब्याक्टेरियल क्यांकर : स्ट्रेप्टोमाइसिन सल्फेट ०.०२५% वा ओरियोफिङ्गिन ०.०२५% छर्नु पर्दछ।



## सन्दर्भ सामाग्री :

- O उष्ण फलफुल खेती प्रविधि-२०७०, कृषि व्यवसाय प्रवर्धन तथा तथ्यांक महाशाखा, कृषि विकास मन्त्रालय, काठमाण्डौं ।
- O नेपाल कृषि प्रविधि पुस्तक: २०६२, कृषि सूचना तथा संचार केन्द्र, हरिहरभवन, ललितपुर ।


प्रकाशक : कृषि विकास मन्त्रालय AFACI/ATIN आयोजना, सिंहदरवार, काठमाण्डौ ।